मिति : २०८१ साउन २ गते

सम्माननीय प्रधानमन्त्रीज्यू,
नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं ।

मार्फत प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय, सुर्खेत ।

विषय :- ज्ञापन पत्र सम्बन्धमा ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाका लागि रोम विधान पारित गरिएको दिन १७ जुलाईको स्मरणमा संसारभर अन्तर्राष्ट्रिय न्याय दिवस मनाउने गरिन्छ । संयुक्त राष्ट्र संघको महासभाबाट सन् १९९८ जुलाई १७ मा यो विधान पारित भएको थियो । हाम्रो देशको सन्दर्भमा दण्डहीनताको अपसंस्कृतिको अन्त्य गर्न अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिवद्धताहरूको सरकारलाई स्मरण गराउनु तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान सम्मिलन गर्न घच्घच्याउनु यो दिवस मनाउनुको मूल उद्देश्य हो । यसका अतिरिक्त विगतमा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनामा न्याय प्राप्त गर्न भएका प्रयास र अब गर्नुपर्ने कामका बारेमा पनि आज दिन छलफल गर्न वाञ्छनीय हुने हामीले ठानेका छौं । अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान संसारका विभिन्न १ सय २३ राष्ट्रले अनुमोदन गरिसकेका छन् । दक्षिण एशियाका बंगलादेश, अफगानिस्तान, मालदिभ्स लगायत एशियाका देशहरू पनि रोम विधानको पक्ष राष्ट्र भइसकेका छन् । नेपाल हालसम्म अन्तर्राष्ट्रिय फौजदारी अदालत रोम विधानको पक्ष राष्ट्र भएको छैन ।

रोम विधान अन्तरगत गठन भएको अन्तर्राष्ट्रिय फौजदारी अदालतले अन्तर्राष्ट्रिय कानुनद्वारा परिभाषित युद्ध अपराध, आमनरसंहार र मानवता विरूद्धको अपराध जस्ता गम्भीर अपराधमा संलग्न हुने व्यक्तिहरूलाई जवाफदेही बनाउनुका साथै पीडितको न्याय सुनिश्चित गर्दछ । अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाले राष्ट्रिय अदालतको क्षेत्राधिकार कटौती र हस्तक्षेप हुँदैन । दण्डहीनताको अन्त्यका लागि सकारात्मक परिवेश निर्माण गर्न सहयोग पुऱ्याउँछ । राज्यले नेपालको मानव अधिकार संरक्षण र सवर्द्धनका लागि रोम विधानको अनुमोदन गर्नु आवश्यक छ ।

सम्माननीय प्रधानमन्त्री ज्यू,

पुर्न स्थापित प्रतिनिधि सभाले २०६३ साउन ९ गते नेपाल सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको (रोम विधान) अनुमोदन गर्न निर्देशनात्मक आदेश जारी गर्दै सर्वसम्मत रूपमा संकल्प प्रस्ताव पारित गरेको तथ्य स्मरण गराउँदछौं । साथै मानव अधिकारको विश्वव्यापी आवधिक समिक्षाका क्रममा नेपालको विगतका समिक्षाहरूमा आएको सुझावहरूमध्ये रोम विधान पारित गर्नकोलागि धेरै राष्ट्रहरूले गरेको सुझावहरूप्रति पनि ध्यानाकर्षण गराउन चाहन्छौ । यसै गरि तत्कालिन परराष्ट्रमन्त्री उपेन्द्र यादवले २०६५ माघ २९ गते रोम विधान तत्काल अनुमोदन गर्नुपर्ने एजेण्डा तत्कालीन सरकारको क्याबिनेटमा प्रस्तुत गर्नु भएको तथ्य पनि अवगत नै छ

। त्यसैले नेपाल सरकारको तर्फबाट अन्तर्राष्ट्रिय फौजदारी अदालत (रोम विधान) अनुमोदन गरी अन्तर्राष्ट्रिय कानुनको सम्मान, प्रकट गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छौं ।

हस्ताक्षर गर्ने संस्थाहरू :

पीताम्बर ढकाल	प्रदेश संयोजक	मानव अधिकार रक्षक संजाल कर्णाली प्रदेश
नारायण सुवेदी	प्रदेश संयोजक	अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेश
अधिवक्ता दुर्गा सापकोटा	अध्यक्ष	उच्च अदालत वार एशोसियसन, सुर्खेत
प्रकाश सारु	अध्यक्ष	गैर सरकारी संस्था महासंघ, सुर्खेत
ललित बसेल	अध्यक्ष	नेपाल पत्रकार महासंघ, सुर्खेत
अधिवक्ता प्रकाश बावु ऐडी	सचिव	उच्च अदातल वार एशोसियसन, सुर्खेत
अधिवक्ता खगेन्द्र खनाल	सचिव	सुर्खेत जिल्ला अदालत वार एशोसियसन
सितल सिंह राठौर	प्रदेश संयोजक	द्वन्द्व पीडित राष्ट्रिय महिला सञ्जाल
भुपेन्द्र कडेल	कार्यकारी निर्देशक	सुन्दर नेपाल
सिस्टर रोसिता	कार्यक्रम प्रमुख	नेपाल नाजरेत सोसाइटी नवज्योति केन्द्र
डिला आचार्य	प्रदेश अधिकृत	मानव अधिकारका लागि एकल महिला समूह
नविना गिरी	कार्यक्रम संयोजक	सहकर्मी समाज
प्रकाश नेगी	प्रदेश संयोजक	फियान नेपाल
लक्ष्मी भण्डारी	प्रदेश प्रतिनिधि	फ्रिडम फोरम
भिम बहादुर नेपाली	कार्यक्रम संयोजक	पहाडी क्षेत्र विकास अभियान